**<u>प्रस्तावहरु</u>**

१. मौज्दात कोषवाट विनियोजन भएको रकम अनुमोदन सम्वन्धमा ।
२. समन्वय सम्बन्धमा ।
३. अन्तर स्थानीय तह समन्वय बैठक सम्बन्धमा ।
४. प्रदेश सरकारबाट हुने काज सरुवा सम्बन्धमा ।
५. खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धमा ।
६. नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धमा ।
७. स्थानीय तहका आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।
८. उत्तरगंगा जलासयुक्त विद्युत योजना सम्बन्धमा ।
९. काठेखोला अक्षेते गल्कोट सुरुङ मार्ग निर्माण सम्बन्धमा ।
१०. सडक सुचारु राख्ने सम्बन्धमा ।
११. विपद व्यवस्थापन सम्वन्धमा ।
१२. प्रवेशद्वार निर्माण सम्बन्धमा ।
१३. आयोजनाहरुमा भएको ढिलासुस्ती सम्बन्धमा ।
१४. वन सम्बन्धि कानुनमा संशोधन सम्बन्धमा ।
१५. उपभोक्ता उपभोग करमा एकरुपता सम्बनधमा ।
१६. विद्यालय शिक्षा सुधार सम्बन्धमा ।
१७. आन्तरिक आय वृद्धि गर्ने सम्बन्धमा ।
१८. ढोरपाटन शिकार आरक्षको राजश्व सम्बन्धमा ।
१९. धार्मिक पर्यटनको संरक्षण र सम्बर्द्धन सम्बन्धमा ।
२०. सन्तुलित तथा समानुपातिक विकास सम्बन्धमा ।
२१. गैर कानूनी रुपमा हुने व्यापार व्यवसाय बन्द गर्न ध्यानाकर्षण गर्ने सम्बन्धमा ।
२२. सिमा विवाद सम्बन्धमा ।
२३. यातायातको भाडादर कार्यान्वयन सम्बन्धमा ।
२४. स्थानीय तहलाई सहयोग र समन्वय गर्ने सम्बन्धमा ।

## मिति २०८२/०२/२१ गते बसेको जिल्ला सभाको चौथो बैठकका निर्णयहरु:-

**निर्णय न. १**

जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको मौज्दात रकमलाई जिल्ला समन्वय समितिको मौज्दात कोष सचालन निर्देशिका,२०७५ वमोजिम आ.ब.०८१/०८२ को विभिन्न मितिमा कार्यक्रम व्यवस्थापन समितिको निर्णय वमोजिम बाँडफाँड तथा खर्च भएको देहाय वमोजिमको रकम लाई अनुमोदन गर्ने ।

तपशिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | स्थानीय तहको नाम | मौज्दात कोषबाट विनियोजित रकम | खर्च भएको रकम रु | सम्पन्न गर्ने आ.ब. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालयको शौचालय, बाथरुम र धारा बिजुली मर्मत तथा व्यवस्थापन,साइन बोर्ड,विभिन्न फोटो फ्रेम लेखन र प्रवेशद्वार रङ्ग रोगन प्रोजेक्टर, प्रोजेक्टर पर्दा, VGA converter, आवासको गेट मर्मत | जिसस | २५००००।०० | - | ०८१।०८२ | कार्य भैरहेको |
| २ | कार्यालय भवन मर्मत संभार | जिसस | १००००००।०० | - | ०८१।०८२ | कार्य भैरहेको |

**निर्णय न. २**

नेपालको संविधानको धारा २२० र स्थानीय सरकार संचालन ऐन, २०७४ को भावना र मर्म बमोजिम जिल्ला भित्र विकास निर्माण र सेवा प्रवाह लगायतका विषयमा जिल्ला समन्वय समिति एवं स्थानीय तहसंग समन्वय गरी कार्य गर्न जिल्ला स्थित सबै सरकारी कार्यालय र गैर सरकारी संघ संस्थाहरुलाई निर्देश गर्ने ।

**निर्णय न. ३**

स्थानीय तहहरुको साझा सरोकारका विषय, साझेदारीका संभावनाको खोज पहिचान गरी स्थानीय तहलाई सवल र सक्षम बनाउन आगामी आ.ब. ०८२/०८३ मा संयुक्त लगानीमा दिर्घकालिन प्रकृतिका ठूला आयोजना सञ्चालन गर्नका लागि सबै स्थानीय तहले अन्तर स्थानीय तह साझेदारी शिर्षकमा बजेट विनियोजन गरी फोहोर

व्यवस्थापन, विपद व्यवस्थापन, मानवसेवा क्षेत्र, यातायात लगायत अन्य योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने र आगामी आर्थिक वर्षको प्रत्येक चौमासिकमा अन्तर स्थानीय तह समन्वय बैठक आयोजना गर्ने ।

**<u>निर्णय न. ४</u>**

गण्डकी प्रदेश सरकारले स्थानीय तहका कर्मचारीहरुलाई साविक स्थानीय तहमा पदाधिकार रहने गरी काज सरुवा गर्दा साविक स्थानीय तहले स्थायी/अस्थायी रुपमा पदपूर्ती गर्न नपाउँदा कर्मचारी अभाव भै कार्य सम्पादनमा बाधा उत्पन्न भएकाले आगामी दिनमा पद रिक्त रहने गरी मात्र कर्मचारी सरुवा गर्ने व्यवस्था गर्न गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**<u>निर्णय न. ५</u>**

यस बागलुङ जिल्ला खानीजन्य पदार्थको प्रचुर संभावना भएको जिल्ला भएकाले र स्थानीय तहहरुका लागि खानीजन्य पदार्थ आन्तरीक आय वृद्धि गर्न सक्ने एक महत्त्वपूर्ण स्रोत रहेको र योजनाहरुका लागि गुणस्तरीय निर्माण सामाग्री उत्पादन गर्नका लागि समेत हालको विद्यमान कानुनी व्यवस्थामा संशोधन गरी स्थानीय तहबाट नै आवश्यक कानूनी प्रक्रिया पुरा गरी खानी उद्योग एवं क्रसर उद्योग दर्ता, नविकरण, नियमन तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री वितरण गर्न सक्ने सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रत्यायोजन गर्न नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने।

**<u>निर्णय न. ६</u>**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, प्रशोधन र बिक्रि वितरण सम्बन्धि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार द्वारा जारी भएका मापदण्ड/ कार्यविधि / निर्देशिका तथा अनुगमन समितिबाट यस पुर्व भएका विभिन्न निर्णय एवं दिईएका सुझाव बमोजिम सबै स्थानीय तहले आय ठेक्का लगाई नदिजन्य पदार्थको उत्खनन, संकलन, प्रशोधन तथा बिक्री वितरणको व्यवस्था मिलाउने ।

**<u>निर्णय न. ७</u>**

स्थानीय तहमा निर्माण सम्पन्न भएका आधारभूत अस्पतालहरु सञ्चालनका लागि स्थानीय तहको स्रोत साधन अपर्याप्त हुने भएकाले आवश्यक जनशक्ति एवं स्रोत साधनको व्यवस्था गरी आधारभूत अस्पताल सञ्चालन गर्न र धौलागिरी प्रादेशिक अस्पताललाई हालै १०० शैय्या सञ्चालनका लागि अनुमति प्राप्त भएकाले सोमा नर्सिङ कलेज सञ्चालनका लागि यसै आर्थिक बर्ष देखि आवश्यक स्रोत उपलब्ध गराउने व्यवस्था मिलाउन नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**<u>निर्णय न. ८</u>**

उत्तरगंगा जलासययुक्त विद्युत परियोजना र कालिगण्डकी जलासययुक्त परियोजना निर्माणमा ढिलासुस्ति भएको पाईएकाले तिव्र गतिमा परियोजनाको निर्माण कार्य अगाडी बढाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय न. ९**

पुष्पलाल मध्यपहाडी राजमार्गमा पर्ने काठेखोला अक्षेते र गल्कोट नरेठाँटी जोडने सुरुङ मार्ग निर्माणका लागि संभाव्यता अध्ययन भईसकेको र सुरुङ मार्ग निर्माण हुंदा राजमार्गको दुरी छोटो भई जिल्लाका पश्चिम क्षेत्रका स्थानीय तहका नागरिकलाई जिल्ला सदरमुकाममा आवत जावत गर्न एवं सेवा लिन सहज हुने हुंदा सोको निर्माण प्रक्रिया अगाडी बढाउन नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**निर्णय न. १०**

बर्षादको समयमा हुने बाढी पहिरोका कारण जिल्लाका विभिन्न सडकहरु अवरुद्ध भई आवत जावतमा कठिनाई हुन सक्ने भएकाले सम्बन्धित योजना कार्यालय र निर्माण कम्पनीहरुलाई तत्काल सडक सुचारु राख्ने व्यवस्था मिलाउन निर्देशन गर्ने साथै मुख्य राजमार्ग सहायक राजमार्ग शाखा सडक एवं स्थानीय तह भित्रका विभिन्न सडकहरुमा सडक मापदण्ड विपरित संरचनाहरु निर्माण हुन नदिन सम्बन्धित स्थानीय तह र आयोजना कार्यालयहरुले पहल गर्ने ।

**निर्णय न. ११**

बागलुङ जिल्लामा बर्षाद तथा अन्य कारणबाट हुन सक्ने विपदजन्य घटनाहरुको व्यवस्थापन एवं खोज, उद्धार, राहत र पुनःस्थापनको पूर्व तयारी, गर्न र आवश्यक सामाग्री तथा बजेट व्यवस्थापन गर्न सबै स्थानीय तह तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।

**निर्णय न. १२**

पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले निसीखोला गाउँपलिका वडा नं.६ स्थित बागलुङ जिल्लाको पश्चिम तर्फको मुख्य प्रवेशद्वारको रुपमा रहेको पूर्वी रुकुम जिल्लाको सिमाना पातिहाल्ने, म्याग्दी जिल्लाबाट तमानखोला गाउँपालिका प्रवेश गर्ने सोलेदेउराली, गुल्मी जिल्लासंग सिमाना जोडिएको बडिगाड गाउँपालिका वडा नं.१० गंगरेमा आवश्यक बजेट विनियोजन गरी प्रवेशद्वार निर्माणका लागि गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**निर्णय न. १३**

पुष्पलाल (मध्यपहाडी) राजमार्ग उपल्लाचौर- बिंहु खण्ड,बिँहु- घोडाबाँधे खण्ड, सालझण्डि- सन्धिखर्क- ढोरपाटन सडक आयोजना अन्तर्गत बागलुङ खण्ड, कालिगण्डकी कोरिडोर अन्तर्गत मालढुङ्गा -बलेवा खण्ड, कुश्मीसेरा- नाम्दुक बरेङ-शान्तिपुर सडकको प्रथम खण्ड, बुर्तिवाङ- बोङ्गादोभान सडक,हरिचौर मल्म पाण्डवखानी सडक,जैमिनी नगरपालिका र गलकोट नगरपालिकको प्रशासकीय भवन,तमानखोला गाउँपालिकाको खुङ्खानी स्वास्थचौकी भवन,बागलुङ नगर अस्पताल लगायत संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित अन्य भवन, सडक पुल जस्ता आयोजनाहरुको निर्माण कार्यमा ढिलासुस्ती भएको पाईएको र त्यसरी भएको ढिलासुस्तीको कारण

आम जनसमुदायलाई समस्या परेको एवं सञ्चार माध्यम र आम उपभोक्ताहरुबाट तिव्र असन्तुष्टि प्रकट भइरहेकोले शिघ्र निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित आयोजना कार्यालय र निर्माण कम्पनीलाई निर्देश गर्ने साथै समयमै कार्य सम्पन्न गरेका निर्माण व्यवसायीलाई समयमै भुक्तानीको व्यवस्था मिलाउन सम्वन्धित निकायलाई लेखी पठाउने ।

**<u>निर्णय न. १४</u>**

विद्यमान वन सम्बन्धी कानुनी जटिलताको कारण वन क्षेत्रमा विकास निर्माणको कार्य गर्न र वन पैदावर निकासी गर्न कठिनाई भएकाले प्रचलित वन सम्बन्धि कानुनमा संशोधन गरी सहजता ल्याउन नेपाल सरकारलाई अनुरोध गर्ने ।

**<u>निर्णय न. १५</u>**

सडक लगायत विभिन्न क्षेत्रको उपभोग/उपयोग गरे वापत स्थानीय तहमा लिईने उपभोग करमा जिल्ला भित्रका सबै स्थानीय तहमा एकरुपता कायम गर्ने ।

**<u>निर्णय न. १६</u>**

संविधान एवं प्रचलित कानून बमोजिम माध्यामिक तहसम्मको विद्यालय शिक्षा सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई भएकोले सबै स्थानीय तहबाट थप सुधारका कार्यक्रमहरु सञ्चालन गरी शिक्षाको गुणस्तरमा थप वृद्धि गर्न आवश्यक पहल गर्ने साथै जिल्लाको एकमात्र आंगिक क्याम्पस धौलागिरी क्याम्पसलाई थप स्रोत साधनको सुनिश्चतता गरी सञ्चालनको व्यवस्था मिलाउन नेपाल सरकारलाई अनुरोध गर्ने ।

**<u>निर्णय न. १७</u>**

स्थानीय तहले राजश्वका विभिन्न स्रोतहरुको खोजी गरी आन्तरिक राजश्व वृद्धि गर्न पहल गर्ने

**<u>निर्णय न. १८</u>**

नेपालको एकमात्र ढोरपाटन शिकार आरक्ष क्षेत्रबाट विभिन्न शिर्षकमा संकलन भै रहेको राजश्व रकम स्थानीय तहको विकास र सेवा प्रवाहका लागि केही प्रतिशत सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्थाका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

**<u>निर्णय न. १९</u>**

बागलुङ जिल्लामा रहेका महत्त्वपूर्ण धार्मिक सम्पदा तथा पर्व/मेलाहरुको अध्ययन अवलोकन गर्न आन्तरिक तथा वाह्य पर्यटकको संख्या दिन प्रति दिन बढिरहेकाले पर्यटकको आकर्षण थप वृद्धि गरी आय आर्जन र रोजगारी सिर्जना गर्नका लागि त्यस्ता धार्मिक सम्पदा पर्व, मेलाको सबै स्थानीयतह र सम्बन्धित निकायबाट

संरक्षण सम्वर्द्धन एवं प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने साथै बागलुङ जिल्ला सदरमुकाम बागलुङ बजारमा एक पर्यटन सूचना केन्द्र स्थापना गर्नका लागि नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**<u>निर्णय न. २०</u>**

अधिकांस स्थानीय तहबाट योजना तथा कार्यक्रम बनाई बजेट विनियोजन गर्दा तुलनात्मक रुपमा पूर्वाधार तर्फ बढी विनियोजन गर्ने गरेको पाईएकोले आगामी आ.ब.को बजेट विनियोजन गर्दा पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवा, पर्यटन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग एवं पिछडिएको क्षेत्र समेतमा आवश्यक योजना तथा कार्यक्रम बनाई बजेट विनियोजन गरी सन्तुलित एवं समानुपातिक विकास गर्नुका साथै कृषि तथा पशु तर्फ एक गाउँ एक उत्पादन एवं उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरी बजारीकरणमा जोड दिने ।

**<u>निर्णय न. २१</u>**

जिल्ला भित्रका विभिन्न स्थानीय तहका गाउँ टोलमा गई बिना दर्ता कानूनी प्रक्रिया नपुर्याई घुमन्ते व्यापारीहरुले व्यापार व्यवसाय सञ्चालन गर्नुका साथै राजश्व छली गरेको जन गुनासो आउनुका साथै उद्योग बाणिज्य संघको पत्रबाट समेत सो कार्य रोक्न अनुरोध भै आएकाले त्यसरी गैरकानूनी रुपमा हुने घुमन्ते प्रकारको व्यापार व्यवसायलाई नियमन गरी कानूनी दायरामा ल्याउने व्यवस्था मिलाउने ।

**<u>निर्णय न. २२</u>**

ढोरपाटन नगरपालिका वडा नं. ६ एवं तमानखोला गाउँपालिका वडा नं. २ को बराहताल क्षेत्र, म्याग्दी जिल्लाको मालिका गाउँपालिका वडा नं.४ एवं तमानखोला गाउँपालिका वडा नं.४ सोलेडांडा, र पूर्वी रुकुमको भूमे गाउँपालिका एवं निसीखोला गाउँपालिका वडा नं. ६ पातीहाल्ने बीचको सिमा विवाद समाधान गर्न जिल्ला समन्वय समितिले समन्वय गर्ने ।

**<u>निर्णय न. २३</u>**

जिल्लाको विभिन्न स्थानमा रहेका कच्ची तथा पक्की सडकहरुको भाडदरमा एकरुपता कायम गरी कार्यान्वयनमा ल्याउन जिल्ला प्रशासन कार्यालय र यातायात व्यवस्था कार्यालयलाई लेखि पठाउने ।

**<u>निर्णय न. २४</u>**

विकास निर्माण र सेवा प्रवाहको सन्दर्भमा जिल्ला भित्रका स्थानीय तहबाट हुने विभिन्न निर्णय एवं कार्यहरुमा आवश्यक सहयोग र समन्वय गर्न जिल्ला स्थित सरकारी गैर सरकारी निकायहरुलाई निर्देशन गर्ने ।